*रुपा गाउँपालिका कास्कीको मिति २०७७ कार्तिक ६ गते कार्यपालिका बैठकका निर्णयहरु*

**प्रस्तावहरुः**

२०७७।०७८-०७।०१ रामकोट रामादी सडक निर्माणको म्याद थप तथा रकम भुक्तानी सम्बन्धमा।

२०७७।०७८-०७।०२ गाउँपालिकामा इन्टरनेट सेवा विस्तार सम्बन्धमा।

२०७७।०७८-०७।०३ सडक निर्माणको बजेट रकमान्तर सम्बन्धमा।

२०७७।०७८-०७।०४ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा।

२०७७।०७८-०७।०५ डाडाको नाक प्रहरी चौकी भवन निर्माण अनुदान उपलबन्ध गराउने सम्बन्धमा।

२०७७।०७८-०७।०६ एम्बुलेन्स करार सम्झौता रद्ध गरी गाउँपालिकाको एम्बुलेन्स सञ्चालनमा ल्याउने सम्बन्धमा।

२०७७।०७८-०७।०७ बिबिध सम्बन्धमाः

आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

प्रहरी चौकीहरुलाइ मौलापूजा खर्च व्यवस्थापन सम्बन्धमा।

आयुर्वेद शाखामा कार्यालय सहयोगी करार सेवामा नियक्ति सम्बन्धमा।

**निर्णयहरुः-**

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०१**

प्रस्ताव नं २०७७।०७८-०७।०१ माथि छलफल गर्दा रुपा गाउँपालिका कास्कीको वडा नं ५ देखी वडा नं ७ जोड्ने रामकोट रामादी सडक निर्माण मिति २०७६/०३/२५ मा सम्झौता भएको Construction of Ramkot-Ramadi Road, ठेक्का नं NCB/Works/Rupa/2075-076/3 सम्झौता रकम रु ७ करोड ३१ लाख २ हजार ९२ पैसा ९४ मात्र को हालसम्म भुक्तानी भएको रकम सम्झौता पश्चात रु ६४ लाख, मिति २०७६।५।२९ मा रु ८३ लाख, मिति २०७६।११।१४ मा रु ४६ लाख ९२ हजार ५ सय ८८ पैसा ८३ मात्र, मिति २०७६।१२।३ मा रु १३ लाख २० हजार ७ सय ५७ पैसा ८४ मात्र, मिति २०७७।३।३१ मा रु ३९ लाख ३० हजार ९ सय ८७ मात्र भुक्तानी भएको भुक्तानी माग सहित चौथो रनिङ्ग विल बापत रु २८ लाख ९४ हजार ५ सय १५ मात्र भुक्तानीको लागी कार्यालयमा बिल पेश भएको व्यहोरा कार्यालयबाट प्राप्त भएकोमा उल्लेखित भुक्तानी रकम अनुमोदन गरी, ठेक्का म्याद समाप्त हुने मिति २०७७।६।२४ (सम्झौता भएको मितिले १५ महिना) रहेकोमा बिश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण सिर्जित समस्याका कारण नेपाल सरकारबाट भएको लकडाउन तथा विभिन्न समयमा जारी निषेधआज्ञा तथा सामाजिक दुरी कायम गर्नुपर्ने अबस्थाका कारण निर्धारित समयमा ठेक्का सम्पन्न हुन नसकेको कारण नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।३।२९ को निर्णयअनुसार २०७७।१२।३० गतेसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०२**

प्रस्ताव नं २०७७।०७८-०७।०२ माथि छलफल गर्दा गाउँपालिकाभित्र इन्टरनेट सेवा विस्तारको लागी World Link Pvt Ltd वाट प्राप्त प्रस्तावको आधारमा गाउँपालिका र इन्टरनेट सेवा प्रदायक संस्था World Link Pvt Ltd र गाउँपालिका विच सम्झौता गरी रुपा गाउँपालिकाभर इन्टरनेट सेवा विस्तारको लागी आवश्यक प्रक्रिया अगाडी बढाउने गरी आबश्यक बजेटको लागी आगामी गाउँसभामा प्रस्ताव पेश गर्ने।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०३**

प्रस्ताव नं २०७७।०७८-०७।०३ को प्रस्तावमथि छलफल गाउँपालिका अध्यक्षस्तरिय निर्णयअनुसार पेश भएको रामकोट रामादी सडक निर्माणको रकमान्तर गरी अनुमोदनको लागी आगामी गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०४**

प्रस्ताव नं २०७७।०७८-०७।०४ को प्रस्तावमथि छलफल गर्दा कोरोना भाइरस नियन्त्रण तथा रोकथाममा रुपाको पहलकदमी तर्फ निम्नानुसारका कार्यहरु गर्नेः

नेपालीहरुको दशै तिहार नजिकिदै गरेको सन्दर्भमा मानिस मानिस विचको भौतिक दुरी कायम गर्ने अनाबश्यक भिडभाड नगर्ने नगराउने, मठ मन्दिरहरुमा नियमित पूजापाठ मात्र गर्ने तथा सार्वजनिक स्थलमा पिङ खेल्ने तथा मद्यपान गरी होहल्ला गर्ने कार्यहरु बन्द गर्ने गराउने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०५**

प्रस्ताव नं २०७७।०७८-०७।०५ को प्रस्तावमथि छलफल गर्दा डाडाको नाक प्रहरी चौकीमा महिला तथा बालबालिका सेल भवन निर्माणको लागी गाउँपालिकाको भवन निर्माण तथा मर्मतका लागी समपुरक तर्फ विनियोजित ३० लाखमात्रको बजेटबाट खर्च लेख्ने गरी रु १ लाख मात्र अनुदान उपलब्ध गराउने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०६**

प्रस्ताव नं २०७७।०७८-०७।०६ को प्रस्तावमथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी रुपा ५ सँग मासिक १ लाख २० हजार भाडा, २० हजार सवारी चालकको मासिक सेवा सुविधा २० हजार सहित इन्धन गाउँपालिकाबाट व्यहोर्ने गरी भएको एम्बुलेन्स भाडामा लिनेदिने सम्झौता मिति २०७७ असोज मसान्तदेखी लागुहुने गरी रद्ध गरी गाउँपालिकाको एम्बुलेन्स सञ्चालनमा ल्याउने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०७**

प्रस्ताव नं २०७७।०७८-०७।०७ को प्रस्तावमथि छलफल गर्दा निम्नानुसारका निर्णयहरु गरियोः

क) रुपा गाउँपालिकाको क्वारेन्टिनमा मृत्यु भएका श्री बिश्वबन्धु सार्की को परिवारलाई राहत स्वरुप निजको छोरी र श्रीमतीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी सनराइज बैंक देउरालीमा खाता सञ्चालन गरी सोही खातामा गाउँपालिकाको तर्फबाट रु ३ लाख आर्थिक सहायता बापतको रकम उपलब्ध गराउने निर्णय गरियो।

ख) गाउँपालिकाभित्र रहेका भिरचोक प्रहरी चौकी, देउराली प्रहरी चौकी, हंशपुर प्रहरी चौकी तालबेशी मा विजयादशमीको अवसरमा हुने मौलापूजाको लागी प्रति प्रहरी चौकी रु ५ हजार र जिल्ला प्रशासन कार्यालय कास्कीबाट जारी भएको निषेधआज्ञाको समयमा प्रहरीहरुलाई गाउँपालिकाबाट रु ५ हजारमा दरले गरी प्रति प्रहरी चौकी रु १० हजार आर्थिक सहयोग प्रदान गर्ने।

ग) रुपा गाउँपालिका आयुर्वेद शाखामा कार्यालय सहयोगी पदमा करार सेवामा २०७७।०४।०१ गतेदेखी लागुहुने गरी २०८८ असार मसान्तसम्मको लागी मासिक १३८००। तलब भत्ता पाउने गरी श्री पुतली सार्की रुपा गाउँपालिका ७ लाइ करार सेवामा नियुक्त गर्ने।

घ) गाउँपालिकाभित्रका सवै वडा कार्यालयहरुबाट निवेदन माग गरी खानेपानी तर्फको बजेटबाट सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने।

ङ) जिल्ला रेडक्रस सोसाइटी कास्की को भवन निर्माणको लागी गाउँपालिकाको भवन निर्माण तथा मर्मतका लागी समपुरक तर्फ विनियोजित ३० लाखमात्रको बजेटबाट खर्च लेख्ने गरी रु ५ लाख आर्थिक सहयोग प्रदान गर्ने।

च) उपर उल्लेखित निर्णयहरु अनुमोदनका लागी आगामी गाउँसभा बैठकमा पेश गर्ने।

मिति २०७७ साल कार्तिक ६ गते बिहिबार बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लेखित निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७७।०७।०६ गते विहिबार

रुपा गाउँपालिका

रुपा गाउँपालिका कास्की